जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# लेटाङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या : ४ मिति : २०७९।११।०४

## भाग – २

## लेटाङ नगरपालिका

# नमूना विद्यालय (विकास तथा सञ्चालन) कार्यविधि २०७९

# नमूना विद्यालय (विकास तथा सञ्चालन) कार्यविधि, २०७९

नगर कार्यपालिकाबाट स्वीकृत मिति २०७९।११।०४

**प्रस्तावना**

लेटाङ नगरपालिका अन्तर्गतका सार्वजनिक विद्यालय सुधार गर्न बालमैत्री तथा सिकाइमैत्री वातावरण सिर्जना गरी विद्यालयलाई उच्चतम सिकाइ उपलब्धि हासिल गर्न, विद्यालयको शैक्षिक, भौतिक तथा प्रशासनिक व्यवस्थापनलाई चुस्त बनाउन स्थानीय नमूना विद्यालय विकास गर्न, लेटाङ नगरपालिका शिक्षा ऐन, २०७६ को दफा ३८ को अधिकार प्रयोग गरी लेटाङ नगरपालिकाको विद्यालय विकास, मूल्याङ्कन, स्तर निर्धारण र पुरस्कृत गर्न नमूना विद्यालय (विकास तथा सञ्चालन) कार्यविधि, २०७९ जारी गरिएको छ।

## परिच्छेद —१

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) कार्यविधिको नाम "नमूना विद्यालय विकास तथा सञ्चालन कार्यविधि, २०७९" रहेको छ।

ख) कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुने ।

ग) कार्यविधि विद्यालय, विद्यालयमा कार्यरत शिक्षक र विद्यालय कर्मचारीको मूल्याङ्कन एवम् पुरस्कृत र विकासमा लगानी गर्ने मापदण्डको रूपमा लागू हुनेछ।

## परिच्छेद —२

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा

क) विद्यालय भन्नाले लेटाङ नगरपालिका अन्तर्गत सम्पूर्ण सामुदायिक विद्यालय सम्झनु पर्दछ।

ख) व्यवस्थापन समिति भन्नाले सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख तथा व्यवस्थापनको लागि गठित विद्यालय व्यवस्थापन समिति भन्ने सम्झनु पर्दछ ।

ग) सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनु पर्दछ।

घ) नमूना विद्यालय भन्नाले यस कार्यविधिको दफा (५) पाँच बमोजिम पूर्वाधार विकास भई नमूना विद्यालय घोषणा भएका वा नमूना विकासका कार्यक्रम सञ्चालन गर्न छनोट भएको नगरको आधारभूत विद्यालय सम्झनु पर्दछ।

ङ) नगरपालिका भन्नाले लेटाङ नगरपालिका सम्झनु पर्दछ ।

च) प्रमुख प्रशासकीय अधिकृत भन्नाले नगरपालिका को प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

छ) शिक्षा शाखा भन्नाले लेटाङ नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ।

ज) प्रधानाध्यापक भन्नाले नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्दछ।

झ) आधारभूत विद्यालय भन्नाले कक्षा १- ५ र १-८ सञ्चालन भएको विद्यालय सम्झनु पर्दछ।

ञ) समिति भन्नाले नगरस्तरीय निर्देशक समिति सम्झनु पर्दछ।

## परिच्छेद —३ उद्देश्य

**३. उद्देश्यः** यो कार्यविधि जारी गर्नुका उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

क) गुणस्तरीय शिक्षाको लागि आधारभूत विद्यालयको सक्षमता विकास गर्नु,

ख) योजनावद्ध रूपमा विद्यालयको विकासमा स्थानीय लगानी वृद्धि गर्नु

ग) नमूना विद्यालयको विकास र व्यवस्थापनका लागि मार्गदर्शन गर्नु,

घ) गुणस्तरीय शिक्षाका लागि विद्यालयको आधारभूत मापदण्डहरूको दिगो विकास गर्नु,

ङ) विद्यालयको विकासमा कार्यसम्पादन प्रणाली व्यवस्थापन गर्नु,

च) विद्यालयको संस्थागत सक्षमतामा र सिकाइ वातावरण सवलीकरण मा सहयोग गर्नु।

## परिच्छेद–४
## नमूना विद्यालय सञ्चालन, व्यवस्थापन तथा कार्यान्वयन समिति

**४. नमूना विद्यालय व्यवस्थापन नगर स्तरीय निर्देशक समितिः** १) नमूना विद्यालय छनोट, विकास, सञ्चालन, व्यवस्थापनलाई प्रभावकारी बनाउन व्यवस्थापन, अनुगमन, सुपरीवेक्षण, मूल्याङ्कन र समन्वय गर्न नगरपालिकामा

देहाय  बमोजिम नगर स्तरीय निर्देशक समिति रहनेछः

क) नगर प्रमुख  — संयोजक

ख) नगरउप-प्रमुख — सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

घ) योजना शाखा प्रमुख ‘ सदस्य

ङ) आर्थिक प्रशासन शाखा प्रमुख ‘ सदस्य

च) प्राविधिक शाखा प्रमुख- सदस्य

छ) समाजिक विकास समिति संयोजक- सदस्य

ज) शाखा प्रमुख — सदस्य सचिव

समितिले आवश्यकता अनुसार विद्यालय शिक्षा सम्बन्धी विज्ञहरू, वडाध्यक्ष र जनप्रतिनिधि आमन्त्रण गर्न सक्नेछ।

**२) समितिको काम कर्तव्य:**

क) आधारभूत नमूना विद्यालय विकास गर्न विद्यालय छनौट गर्ने,

ख) नमूना विद्यालयको आवधिक योजना निर्माण र कार्यान्वयनमा सहजीकरण गर्ने,

ग) नमूना विद्यालय विकासका लागि कार्यक्रम विकास र लगानीको विशेष व्यवस्थापन गर्ने,

घ) नमूना विकासका लागि लगानी प्रभावकारीताका लागि अनुगमन, मूल्याङकन र समन्वय गर्ने,

ङ) अन्य विद्यालयहरूमा कार्यविधिका मापदण्डहरू विकास गर्न प्रोत्साहन गर्ने,

च) नमूना विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि तोकिएका मापदण्डको पुनरावलोकन गर्ने,

छ) नमूना विद्यालयहरूको पूर्वाधारको विकास भएको विद्यालयको दिगो व्यवस्थापन गर्ने,

ज) नमूना विद्यालयको प्रधानाध्यापक र शिक्षकसँग कार्यसम्पादन करार सूचक विकास र कार्यसम्पादन मूल्याङ्कन र प्रोत्साहान सूचक विकास गरी कार्यान्वयन गर्ने,

३) कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्न विद्यालय स्तरमा विद्यालय व्यवस्थापन समिति रहनेछ समितिको काम कर्तव्य प्रचलित कानूनबमोजिम हुनेछ।

# परिच्छेद–५

## नमूना विद्यालयको न्यूनतम मापदण्डहरू

**५ आवश्यक पूर्वाधार एवम् मापदण्डः** १) नेपाल सरकार र प्रदेश सरकारले आधारभूत तहका लागि तोकेको मापदण्डका अतिरिक्त यस कार्यविधि अनुसार विकास हुने नमूना विद्यालय घोषणा गर्न यस दफा अनुसारका पूर्वाधार विकास तथा विद्यालय सञ्चालन भएको र अनुसूची १ को ढाँचामा मूल्याङ्कन गर्दा न्यूनतम A ग्रेड वा सो भन्दा बढी प्राप्त गरेको हुनुपर्नेछ।

क) सरोकारवालाको सहभागितामा ५ वर्षे विद्यालय सुधार योजना र वार्षिक कार्ययोजना सहित कार्यान्वयन प्रणालीको विकास भएको।

ख) विद्यालय सुधार योजना र सिकाइ वातावरण सुधार गर्ने प्रणालीको अभ्यास र अभिलेखीकरण गरेको।

ग) नमूना विद्यालयमा प्रचलित कानून तथा मापदण्ड अनुसार कम्तिमा प्रति कक्षा १ कक्षाकोठा व्यवस्था भएको।

घ) विद्यार्थी सङ्ख्या अनुसार बालमैत्री फर्निचरको आवश्यक सेट व्यवस्था भएको।

ङ) खानेपानी तथा सरसफाईको लागि पानीको नियमित आपूर्ति प्रणाली र बालमैत्री धाराको व्यवस्था भएको।

च) विद्यार्थी संख्या अनुसार छात्रा र छात्र अलग अलग शौचालय भएको।

छ) सबै विद्यार्थी एकै पटक उभिन सक्ने खेल मैदान भएको।

ज) भलिबल र साना सामुहिक खेलकुद खेल्न मिल्ने मैदान भएको।

झ) पुस्तकालय ई-पुस्तकालयको व्यवस्था र प्रयोग गर्ने प्रणाली भएको।

ञ) कक्षा शिक्षण र प्रशासनिक कामहरूका लागि आवश्यक कम्प्युटरको व्यवस्था र प्रयोग गर्न सक्ने अवस्था भएको।

ट) विद्यार्थीलाई खाजा व्यवस्थापन गर्न उचित स्थान वा कोठा र पर्याप्त फर्निचरको व्यवस्था गरिएको।

ठ) कक्षागत र विषयगत जिम्मेवारी सहितको कार्यतालिका विकास र प्रयोग गरिएको।

ड) अनुगमन, सुपरीवेक्षण र सामाजिक परीक्षणमा प्राप्त सुझावहरू कार्यान्वयन प्रणालीको विकास र प्रयोग गरिएको।

ढ) निरन्तर सिकाइ, मूल्याङ्कन प्रणाली तथा प्रचलित मापदण्डको प्रयोग गरी

सिकाइका लागि मूल्याङ्कन प्रणालीको प्रयोग भएको।

ण) विद्यालयमा नियमित सरसफाइ, मर्मत सम्भार तथा हरित वातावरण कायम गर्ने संयन्त्र र प्रणाली विकास एवम् कार्यान्वयन गरेको।

त) विद्यालयको आवश्यकता अनुसार भौतिक पूर्वाधार विकासको विस्तृत योजना तथा मापदण्ड, शिक्षक व्यवस्थापन, आर्थिक व्यवस्थापन, विद्यार्थी शिक्षक आचारसंहिता, छात्रवृत्ति अक्षयकोष सञ्चालन लगायतका विषयमा कार्यविधि तथा मापदण्डहरू वि.व्य.स. को स्वीकृतीमा कार्यान्वयन भएको।

थ) निःशुल्क र अनिवार्य आधारभूत शिक्षा कार्यान्वयको पूर्वाधार विकास भएको।

द) सुशासनको सुचकहरूमा कम्तिमा उच्चस्तरको कार्यसम्पादन भएको।

ध) सिकाइ उपलब्धीमा समतामूलक सहभागिताका साथ नगरको उच्चतम स्तरमा रहेको।

न) तहअनुसार सञ्चालन हुने अतिरिक्त क्रियाकलापमा उत्कृष्ट रहेको।

२) यस दफा अनुसार पूर्वाधार तथा मापदण्ड यो कार्यविधि लागुहुनु अगाडी नै विकास भैसकेका विद्यालय भएमा त्यस्ता विद्यालयलाई समितिले स्वतन्त्र मूल्याङ्कन गराई यस दफा अनुसार नगरको नमूना विद्यालय घोषणा गर्न सकिनेछ।

३) नमूना विद्यालयको मापदण्ड विकासमा ८० प्रतिशत वा A ग्रेड बराबर वा सो भन्दा बढी उपलब्धी भएको सुनिश्चित गरी नमूना विद्यालय घोषणा गरिनेछ। यसको लागि विद्यालयको स्वमूल्याङ्कन र नगरपालिकाबाट मूल्याङ्कन गरिनेछ आवश्यकता अनुसार वाह्य मूल्याङ्कन समेत गरिनेछ।

४) यस दफाका मापदण्ड नमूना विद्यालयका अतिरिक्त अन्य विद्यालयमा विकास र मूल्याङ्कनमा प्रयोग गर्न बाधा पर्ने छैन।

## परिच्छेद—६

## विद्यालय छनौटका आधार, प्रक्रिया र अनुदान

**६. नमूना विद्यालय विकास गर्न विद्यालय छनौटका आधारहरू:** १) नमूना विद्यालय विकास गर्न विद्यालय छनोट गर्न यस दफाको मापदण्डहरू मूल्याङ्कन गरिनेछ।

क) कक्षा अनुसार न्यूनतम कक्षाकोठा निर्माणका लागि जग्गाको स्वामित्व भएको।

ख) विगतमा भएको विद्यालय नक्साङ्कनमा भौगोलिक तथा जनसाङ्ख्यिक कारणले अन्य विद्यालयमा गाभिन सक्ने अवस्थामा नरहेको।

ग) विद्यालय सञ्चालन तथा व्यवस्थापनमा सुशासनका न्यूनतम मापदण्डहरू पूरा गर्न प्रयास गरेको आधार र प्रमाण।

घ) सम्बन्धित तहको प्रधानाध्यापक भएको वा हुन योग्य शिक्षकको दरबन्दी राहात वा अनुदान कोटा र योग्यता पुगेको शिक्षक कार्यरत रहेको।

ङ) उक्त विद्यालय सञ्चालनका लागि सेवा क्षेत्र, विद्यार्थी सङ्ख्या र जनसङ्ख्या पर्याप्त देखिएको।

च) शैक्षिक गुणस्तर सुधारका लागि विगत ३ वर्षदेखि विद्यालयले गरेको नवप्रवर्तनात्मक कार्यको सफलताको प्रतिवेदन वा अभिलेख प्रणालीगत प्रयोग भएको।

छ) हालसम्म अन्य निकायबाट नमूना विकास कार्यक्रममा नपरेको।

ज) निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा प्रदान गर्न प्रतिवद्धता भएको।

झ) १ भन्दा बढी विद्यालयको समान अवस्था वा अङ्क भएमा आवेदन गर्ने विद्यालय स्थापना तथा उच्चतम् कक्षा सञ्चालन भएका आधारमा छनोट गर्न सकिनेछ।

**७. नमूना विद्यालय विकास अनुदान निर्धारण तथा कार्यान्वयन प्रक्रियाः** १) कार्यक्रमका लागि विद्यालय छनोट र अनुदान व्यवस्था गर्दा यस दफा अनुसार गरिनेछ।

क) कार्यक्रमको लागि निर्धारित आधारहरु सहित सूचना प्रकाशित गरी सम्पूर्ण विद्यलायहरुलाई जानकारी गराउने।

ख) कार्यक्रममा सहभागि हुन इच्छुक आधारभूत विद्यालयले तोकिएको ढाँचामा निवेदन साथ प्रस्तावना पेश गर्नुपर्नेछ।

ग) प्रस्तावनामा पेश भएका विवरणको मूल्याङ्कन र योग्यताक्रम निर्धारण गर्ने।

घ) विद्यालय सुधार योजना वा विद्यालय विकास योजनाको प्रकृया र आधार मूल्याङ्कन गर्ने।

ङ) योजना निर्माण र कार्यान्वयनमा प्रतिवद्धता पत्र।

च) योजना कार्यन्वयनको संक्षिप्त एवम् कार्यन्वयनयोग्य कार्ययोजना पेश भएको।

छ) शाखाले आवश्यकता अनुसार प्रस्ताव पेश गर्ने विद्यालयहरूको स्थलगत निरीक्षण गर्न सक्नेछ।

ज) मूल्याङ्कन प्रतिवेदन सहित समिति समक्ष छनोटका लागि पेश गर्नुपर्नेछ।

झ) छनोट भएको विद्यालयको ५ वर्षे आवधिक योजना र तत्कालिन प्राथमिकताका आधारमा पहिलो वर्ष सम्पन्न गर्न सकिने कार्यहरूको लागि अनुदान स्वीकृत गरी कार्यान्वयन गर्नुपर्नेछ।

ञ) छनौट भएको विद्यालयको SIP तथा तत्कालिन आवश्यकताका आधारमा पहिलो वर्ष विद्यालय व्यवस्थापन समितिको माग तथा खर्चको आधारमा अनुदान प्रदान गर्ने। त्यस पछिका वर्षहरूमा स्थानीय तहबाट विशेष अनुदान स्वरूप यस खण्डका शीर्षकमा क्रमशः अनुदान प्रदान गर्नसक्नेछ।

   अ) शैक्षिक पूर्वाधार विकास तथा मर्मत अनुदान,

   आ) प्रधानाध्यापक, शिक्षक, कर्मचारी वा विद्यालयलाई कार्यसम्पादन करार व्यवस्थापन प्रोत्साहन अनुदान,

   इ) ICT, पुस्तकालय र प्रयोगशाला विकास अनुदान,

   ई) सिकाइ सुधार योजना कार्यान्वयन अनुदान,

   उ) विद्यलय सुधार योजना कार्यान्वयन अनुदान,

   ऊ) विद्यालयसँग सझेदारीमा थप जग्गा प्राप्ति, व्यवस्थापन र विविध शैक्षिक गुणस्तर सुधार अनुदान,

ट) विद्यालयले निर्माण तथा शैक्षिक कार्यक्रम सञ्चालनका गर्दा प्रचलित कानून तथा मापदण्डको पालना गर्नुपर्नेछ।

ठ) कार्यसम्पादन अनुदान कार्य सम्पादन सम्झौताको सूचकमा प्राप्त प्रगति अनुसार प्रदान गरिनेछ।

ड) कार्यक्रमको प्रभावकारीता, कार्यकुशलता, गुणास्तर वृद्धि हुने गरी पारदर्शिता, औचित्यता, मितव्ययीतापूर्वक सञ्चालन, व्यवस्थापन, सुपरीवेक्षण, समन्वय, अनुगमन र प्रतिवेदनमा शाखा वा तोकिएको प्राविधिक र विद्यालय जवाफदेही हुनुपर्नेछ।

ढ) छनौट भएका विद्यालय विकासका लागि संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने नियमित तथा विकास शीर्षकका अनुदान तथा कार्यक्रम सञ्चालनले समेत निरन्तरता पाउनेछ।

## परिच्छेद—७

## सुपरीवेक्षण, अनुगमन, मूल्याङ्कन र पुरस्कार

**८. अनुगमन तथा सुपरीवेक्षणः** १) विद्यालय अनुगमन सुपरीवेक्षण प्रचलित कानूनी व्यवस्था अनुसार अन्य विद्यालय सरह नियमित अनुगमन मूल्याङ्कन गर्नुका अलवा नगरपालिकाबाट यस दफामा व्यावस्था भएबमोजिम अनुगमन सुपरीवेक्षण गरिनेछ।

२) कार्यक्रमको सुपरीवेक्षण तथा अनुगमनः सञ्चालित कार्यक्रमहरूको विभिन्न चरणहरूमा नगरपालिका स्तरीय योजना अनुगमन समिति निर्देशक समितिका साथै विषयगत र प्राविधिक टोलीबाट विशेष अनुगमन सुपरीवेक्षण गरी निर्णयको आधार लिइने छ।

३) अनुगमनका अन्य आधारहरूः विद्यालयले पेश गरेका यस दफाका कागजात एवम् प्रतिवेदनहरूलाई समेत निर्णयका आधार मान्न सकिनेछ।

क) योजना कार्यक्रम र खर्च एवम् कार्य प्रगतिका प्रमाणहरू

ख) कार्य सम्पन्न प्रतिवेदन

ग) व्यवस्थापन समितिको निर्णय

घ) सम्बन्धित वडाको सिफारिस

ङ) अन्य आवश्यक कागजातहरु ।

४) मूल्याङ्कनका आधारमा विद्यालयलाई कार्यसम्पादन र उत्कृष्ट सिकाइ अनुदानः यो कार्यविधि लागू भएपछि उत्कृष्टताका आधारमा प्रदान गरिने अनुदान यसै कार्याविधि अनुसार सबै भन्दा बढी अङ्क वा श्रेणी प्राप्त

गर्नेलाई प्रदान गरिनेछ। नेपाल सरकारले तोकेको कुराका अतिरिक्त अनुसूची २ को आधारमा अङ्क प्रदान गरिनेछ। यसको लागि सम्बन्धित विद्यालयले आधार र प्रमाणहरू तोकिएको समयमा उपलब्ध गराउनु पर्नेछ। प्राप्त अनुदान विद्यालयले प्रचलित कानून अनुसार खर्च गर्ने व्यवस्था गर्नु पर्नेछ

५) विद्यालयका शिक्षक, बालविकास शिक्षक र विद्यालय कर्मचारी पुरस्कारः यो कार्यविधि लागू भएपछि नगरपालिकामा कार्यरत रहेका वा अवकाश भएका शिक्षक र कर्मचारीलाई यस दफा अनुसार सम्मान गर्न योग्य शिक्षक कर्मचारीलाई नगरको विशेष समारोहमा पुरस्कार वा सम्मान प्रदान गरिनेछ।

क) नगर स्तरीय दीर्घसेवा शिक्षक/ कर्मचारी पुरस्कारः विद्यालयमा नियुक्ति पाई निरन्तर सेवा गरी ६० वर्ष वा तोकिएको उमेरहदका कारण अनिवार्य अवकाशभएका, स्वैच्छिक अवकाशलिएका कुनै सजाय नपाएका शिक्षक कर्मचारी लाई सम्मान सहित पुरस्कार।

ख) विशेष सम्मान पुरस्कारः नगरपालिकाका उत्कृष्ट शिक्षक वा कर्मचारी पुरस्कारको रूपमा शिक्षण तथा विद्यालय सुधारमा योगदान गर्ने कार्यसम्पादन राम्रो भएका अनुदान प्राप्त गर्ने शिक्षक वा कर्चारीलाई अनुसूची ३ को आधारमा बढी अङ्क ल्याउनेलाई सम्मान सहित पुरस्कार।

## परिच्छेद–८
## कार्य सम्पादन करार

**९. कार्य सम्पादन करारः** १) नमूना विद्यालय विकासको लागि छनौट भएका विद्यालयको प्रधानाध्यापकले नगरपालिका र बिषयगत शिक्षकले प्रधानाध्यापकसँग सिकाई उपलब्धि वृद्धि गर्न वर्तमान अवस्था र प्रत्येक चौमासिकको प्रगति सूचक सहित कार्य सम्पादन करार गर्नु पर्नेछ। कार्य सम्पादन प्रगतिलाई प्रधानाध्यापक र शिक्षक प्रोत्साहनको आधार बनाइनेछ।

२) कार्य सम्पादनको प्रगति सूचक निर्धारण गर्दा सिकाइ उपलव्धि र अन्य सूचकमा कम्तिमा दोहोरो अङ्कले वृद्धि हुनेगरी निर्धारण गर्नुपर्दछ। कार्य

सम्पादन प्रगतिको आधारमा एकमुष्ट प्रोत्साहन रकम प्रदान गरिनेछ।

३) कार्यसम्पादन सम्झौता अनुसूची ४ बमोजिम गरिनेछ।

**१०. अनुदानको निरन्तरताः** १) नमूना विद्यालय विकास कार्य अवधि ५ वर्षको रहनेछ। तोकिएको अवधि पछि आवश्कताको आधारमा समितिको निर्णयानुसार अनुदान निरन्तरता दिन सकिनेछ। यो कार्यक्रम आवश्यकता अनुसार नगरपालिकाले अन्य विद्यालयमा विस्तार गर्न सक्नेछ।

२) नमूना विद्यालय घोषणा भएका विद्यालयलाई आवश्यकता अनुसार दिगोपनाका लागि अनुदानको व्यवस्था गर्न सकिनेछ।

**११. बाधा अड्काउ फुकाउः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा नगरकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ। संघीय कानूनसँग बाझिएमा बाझिएको हकमा संघीय कानून बमोजिम हुनेछ।

आज्ञाले,<br>पुरुषोत्तम घिमिरे<br>प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची –१

## दफा ५ (१) सँग सम्बन्धित

यो कार्यविधिमा उल्लेख भएअनुसारको नमूना विद्यालय घोषणाका गर्न मूल्याङ्कनका आधारहरू।

| क्र.सं. | विवरण | सङ्ख्या/ एकाइ/ अवस्था | श्रेणीकरण स्तर | | | समग्र ग्रेडिङ A,B,C |
|---|---|---|---|---|---|---|
| | | | उत्तम | सामान्य | न्यून | |
| १ | विद्यार्थी संख्या | | | | | |
| १.१ | बालविकास केन्द्र | | | | | |
| १.२ | आधारभूत प्राथमिक तह कक्षा १-५ | | | | | |
| १.३ | आधारभूत तह कक्षा ६-८ | | | | | |
| १.४ | विद्यालय बाहिर रहेको बालवालिका सङ्ख्या | | | | | |
| २ | विद्यालयको जग्गा | | | | | |
| २.१ | विद्यालयको नाममा रहेको जग्गा (जग्गा) धनी पुर्जा अनुसार | | | | | |
| ३ | भवन | | | | | |
| ३.१ | पक्की ढलान भएको भवन | | | | | |
| ३.२ | ढलान नभएको तर पक्की भवन | | | | | |
| ३.३ | छात्रा शौचालय सङ्ख्या | | | | | |
| ३.४ | छात्र शौचालय सङ्ख्या | | | | | |
| ३.५ | खानेपानीको धारा र वालमैत्री संरचना उपलव्धता | | | | | |
| ३.६ | विद्यालय सरसफाइ व्यवस्थापन प्रणाली भए/नभएको | | | | | |
| ३.७ | दिवा खाजा तयारी कोठा तथा वितरण कोठा | | | | | |
| ४ | कक्षा कोठा संख्या | | | | | |
| ४.१ | पठापाठनका लागि उपयुक्त कक्षाकोठाको | | | | | |
| ४.२ | सामान्य कक्षाकोठा | | | | | |
| ४.३ | कार्यालय र अन्य प्रयोजनमा प्रयोग हुने कक्षाकोठा | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.४ | विद्यार्थीको उमेर अनुसार फर्निचर व्यावस्था भएको फर्निचर संख्या | | | | | |
| ४.५ | नियमित मर्मत संभार र प्रयोग | | | | | |
| ५ | तथ्याङ्क अद्यावधिक प्रकृया | | | | | |
| ५.१ | समयमा तथ्याङ्क अध्यावधिक गरेको | | | | | |
| ५.२ | सम्पूर्ण विवरण सहित अध्यावधिक गरेको | | | | | |
| ५.३ | IEMIS को उपयोग नतिजा तथा परिचयपत्र लगायतमा गरेको | | | | | |
| ६ | विद्यालय सुधार योजना प्रणाली | | | | | |
| ६.१ | ५ वर्षे योजना निर्माण प्रणालीको विकास र सहभागिता भएको | | | | | |
| ६.२ | वार्षिक कार्ययोजना र अन्य योजना विकास प्रणाली भएको | | | | | |
| ६.३ | योजना कार्यान्वयन र अनुगमन प्रणाली तथा सुझाव कार्यान्वयन | | | | | |
| ६.४ | वि सु यो मा सिकाई सुधारका क्रियाकलाप सङ्ख्या | | | | | |
| ६.५ | योजना कार्यान्वयनका लागि आवश्यक बजेटको प्रवन्ध गर्ने आन्तरिक स्रोत व्यवस्था | | | | | |
| ७ | कार्य सम्पादन जिम्मेवारी विभाजन | | | | | |
| ७.१ | शैक्षिक प्रशासनिक र अतिरिक्त क्रियाकलापको जिम्मेवारी तोकी कार्य सम्पादन प्रणालीको व्यवस्था | | | | | |
| ७.२ | पारदर्शी र खुला कार्य प्रणाली | | | | | |
| ७.३ | सूचना अधिकारीको व्यवस्था | | | | | |
| ७.४ | लैङ्गिक फोकल पर्सनको व्यवस्था | | | | | |
| ७.५ | विद्यालयको क्रियाकलाप सञ्चालनमा नियमितता | | | | | |
| ७.६ | सूचना प्रविधिको प्रयोग | | | | | |
| ८ | परीक्षण तथा मूल्याङ्कन | | | | | |
| ८.१ | विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रयोग र अभिलेख | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८.२ | निर्माणात्मक मूल्याङ्कनको आधारमा सुधारात्मक शिक्षण प्रणाली | | | | | |
| ८.३ | प्रत्येक २/ २ वर्षमा शिक्षक अभिभावक संघ गठन | | | | | |
| ८.४ | सामाजिक परीक्षण समिति अध्यावधिक | | | | | |
| ८.५ | सामाजिक परीक्षणमा प्राप्त सुझावहरूको अभिलेख र कार्यान्वयन | | | | | |
| ८.६ | लेखापरीक्षणमा देखिएको बेरूजुको अवस्था | | | | | |
| ८.७ | नियमानुसार बेरूजु फछ्र्यौट गरेको | | | | | |
| ९ | विद्यालयको कार्यविधि मापदण्ड तथा कार्यविधि | | | | | |
| ९.१ | सबैको सहभागितामा निर्मित आचार संहिता र मापदण्डको सङ्ख्या | | | | | |
| १० | सिकाइ उपलब्धि | | | | | |
| १०.१ | औषत सिकाइ उपलब्धि | | | | | |
| १०.२ | विद्यार्थीको न्यूनतम सिकाइ उपलब्धि | | | | | |
| १०.३ | विद्यार्थीको अधिकतम सिकाइ उपलब्धि | | | | | |
| १०.४ | विषयगत रूपमा न्यून सिकाइ उपलब्धि | | | | | |
| १०.५ | विषयगत रूपमा अधिक सिकाइ उपलब्धि | | | | | |
| | कूल औषत Grade | | | | | |

# अनुसूची –२

## दफा ८ (४) सँग सम्बन्धित मूल्याङ्कनका आधार

| क्रस | विषय | पूर्णाङ्क | प्रासाङ्क | अङ्कनका मापदण्डहरू |
|---|---|---|---|---|
| १ | ८ को परीक्षाको नतिजा | २० | | GPA 3.2 देखि 4.0 ल्याउने विद्यार्थी ८० % वा सो भन्दा बढी सहित सबै विद्यार्थी उत्तीर्णको स्तरमा परेको भएमा २०,<br>GPA 2.4 देखि 3.2 ल्याउने विद्यार्थी ८० % वा सो भन्दा बढी सहित सबै विद्यार्थी उत्तीर्णको स्तरमा परेको भएमा १६,<br>GPA 1.6 देखि माथि जुनसुकै GPA सहित १०० प्रतिशत विद्यार्थी उत्तीर्णको स्तरमा भएमा १५<br>जुनसुकै GPA सहित ८० प्रतिशत सम्म उत्तीर्ण स्तरमा परेको भएमा १०<br>जुनसुकै GPA सहित ६० - ८०% सम्म उत्तीर्ण स्तरमा परेको भएमा ५ अङ्क र ४१ % भन्दा बढी विद्यार्थी नन्ग्रेड भएमा ० अङ्क |
| २ | १० को परीक्षा नतिजा | १५ | | GPA 3.2 देखि 4.0 ल्याउने विद्यार्थी ८० % वा सो भन्दा बढी सहित सबै विद्यार्थी उत्तीर्णको स्तरमा परेको भएमा १५,<br>GPA 2.4 देखि 3.2 ल्याउने विद्यार्थी ८० % वा सो भन्दा बढी सहित सबै विद्यार्थी उत्तीर्णको स्तरमा परेको भएमा १२,<br>GPA 1.6 देखि माथि जुनसुकै GPA सहित १०० प्रतिशत विद्यार्थी उत्तीर्णको स्तरमा भएमा १०<br>जुनसुकै GPA सहित ८० प्रतिशत उत्तीर्ण स्तरमा परेको भएमा ८<br>जुनसुकै GPA सहित ६०-८० % सम्म उत्तीर्ण स्तरमा परेको भएमा ४ अङ्क र ४१% भन्दा बढी विद्यार्थी नन्ग्रेड भएमा ० अङ्क |
| ३ | १२ को परीक्षा नतिजा | ५ | | GPA 3.2 देखि 4.0 ल्याउने विद्यार्थी ८० % वा सो भन्दा बढी सहित सबै विद्यार्थी उत्तीर्णको स्तरमा परेको भएमा ५,<br>GPA 2.4 देखि 3.2 ल्याउने विद्यार्थी ८० % वा सो भन्दा बढी सहित सबै विद्यार्थी उत्तीर्णको स्तरमा परेको भएमा ४,<br>GPA 1.6 देखि माथि जुनसुकै GPA सहित १०० प्रतिशत विद्यार्थी उत्तीर्णको स्तरमा भएमा ३,<br>जुनसुकै GPA सहित ८० प्रतिशत उत्तीर्ण स्तरमा परेको भएमा २<br>जुनसुकै GPA सहित ६०-८० % सम्म उत्तीर्ण स्तरमा परेको भएमा १ अङ्क र ४१% भन्दा बढी विद्यार्थी नन्ग्रेड भएमा ० अङ्क |

| | | | | |
|---|---|---|---|---|
| ४ | विद्यालय खुलेको र पठनपाठन भएको दिन | ५ | | खुलेको दिन २२० वा सो भन्दा बढी र पठनपाठन भएको दिन १८० दिन भएमा ५, सो भन्दा कम भएमा ३ अङ्क |
| ५ | शिक्षकको उपस्थिति | ५ | | शिक्षकको औषत उपस्थिति १६८ दिन वा सो भन्दा बढी भएमा ५, सो भन्दा कम भएमा २ अङ्क |
| ६ | विद्यार्थी सङ्ख्या कक्षागत औषत | १० | | सबै कक्षामा ४५ वा सो भन्दा बढी भएमा १०, कक्षागत औषत ३०- ४४ भएमा ८, औषत २०-३० सम्म भएमा ५ र २० भन्दा कम भएमा ३ अङ्क |
| ७ | शिक्षक र प्र.अ. को कार्यमुलक अनुसन्धान र कार्यान्वयन | ५ | | सबै शिक्षकहरूले कार्यमुलक अनुसन्धान गरेको भए ५ अङ्क, ८० प्रतिशतले कार्यमुलक अनुसन्धान गरेको भए ३ अङ्क, ५० प्रतिशतले कार्यमुलक अनुसन्धान गरेको भए १ अङ्क, ५० प्रतिशत कमले कार्यमुलक अनुसन्धान गरेको भए ० अङ्क |
| ८ | शिक्षणमा नवप्रवर्तन र प्रयोग | ५ | | शिक्षणः कक्षा शिक्षणमा शिक्षकले ICT को प्रयोग, प्रयोगात्मक कक्षा सञ्चालन, Low cost no cost Teaching Materials make, Use and Storage<br>व्यवस्थापनः विभिन्न माध्यमको कक्षा सञ्चालन, उपचारात्मक वा अतिरिक्त कक्षा व्यवस्थापन, सञ्चालन स्रोत व्यवस्थापन, खालि जग्गाको प्रयोग, शैक्षणिक योजना अध्यावधिक र कार्यान्वयन<br>विद्यार्थीः बाल क्लब गठन, भित्ते पत्रिका प्रकाशन,अतिरिक्त क्रियाकलाप सञ्चालन, फूलबारी व्यवस्थापनमा सहभागिता<br>माथिका ३ वटै क्षेत्रमा काम गर्ने योजना बनाइ सहभागिता मूलक काम भएको र सो को अभिलेख भए ५ अङ्क, कुनै दुई क्षेत्रमा गरेको भए ३ अङ्क गरेको तर अभिलेख नभएको खण्डमा शून्य अङ्क |
| ९ | शिक्षक विद्यार्थीको आचरण तथा आचारसंहिता | ५ | | आचरण र आचारसंहिता तयार गरी सबैले देख्ने स्थानमा राखी पालना र अनुगमन अभिलेख भए ५ अङ्क, आचरणसंहिता तयार गरी सबैले देख्ने स्थानमा टाँस गरेमा ३ अङ्क, तयारमात्र गरेको भए शून्य अङ्क |

| | | | | |
|---|---|---|---|---|
| १० | विद्यालयको समग्र कार्य सम्पादन | १० | | अघिल्लो आ.व. मा संझौता अनुसार कार्य सम्पन्न गरेको,<br>विद्यालयको बेरूजु शून्य रहेको,<br>भर्ना भएका सबै विद्यार्थी माथिल्लो कक्षामा जान योग्य भएको,<br>विद्यालयले IEMIS का सबै तथ्याङ्क पूर्ण रूपमा अद्यावधिक गरेको,<br>SIP र Social audit report को काम तोकिएको मापदण्ड पालना गरी गर्ने गरेको।<br>माथीका सबै कामहरू पूर्ण रुपमा गरेको भए १० अङ्क ५० % भएको भए ५ अङ्क २५% भए ३ र नभएको भए ० अङ्क। |
| ८ | कक्षा छाड्ने विद्यार्थी सङ्ख्या | १० | | कक्षा ७ र ९ मा भर्ना भएका सबै विद्यार्थी क्रमश कक्षा ८ र १० को अन्तिम  परीक्षामा समावेश भएमा १० अङ्क, ८० प्रतिशत भएमा ८ र सो भन्दा कम भएमा ५ अङ्क |
| ९ | विद्यालय बाहिर रहेको विद्यार्थी सङ्ख्या | ५ | | विद्यालय बाहिर रहेको वालवालिकाको विवरण अध्यावधिक गरेको र सो विवरणमा विद्यार्थी सङ्ख्या उल्लेख भएको र विद्यालय बाहिर रहेको सङ्ख्या शून्य संङ्ख्या भएमा ५ अङ्क, विवरण नभएमा शून्य अङ्क |
| जम्मा | | १०० | | |

नोटः सबै भन्दा बढी अङ्क प्राप्त गर्ने विद्यालय अनुदान दिने पहिलो सूचीमा पर्नेछ।

# अनुसूची –३
## दफा ८ (५) सँग सम्बन्धित

| क्र स | विषय | पूर्णाङ्क | शिक्षक/ कर्मचारी वा प्र अ ले पेश गर्ने आधारहरू | आधार अनुसार दावी गरिएको प्राप्ताङ्क | पेश भएको आधार जाँच गर्दा प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १ | प्र.अ. तथा शिक्षकको शैक्षणिक योजना निर्माण र कार्यान्वयनमा सक्रिय योगदान र योजनामा चुस्तता (कार्यान्वयन योग्य र उपयुक्त योजना) | १५ | | | |
| २ | अध्यापन गरेको विषयमा विद्यार्थीको उपलब्धी बढाउन गरेको क्रियाकलापहरूको सार्थकता र तुलनात्मक रूपमा उपलब्धी सुधार भएको(सिउ तुलना) | १५ | | | |
| ३ | विद्यालयको व्यवस्थापनको सर्वाङ्गीण पक्षमा गरेको सकरात्मक कार्यहरू समयमा निर्देशन र समन्वय गर्ने | ५ | | | |
| ४ | सूचना प्रविधि ICT को प्रयोग गर्न सक्ने र थप दक्ष हुन गरेको प्रयास र शिक्षण तथा प्रशासनमा सहयोग | १० | | | |
| ५ | शिक्षक र विद्यार्थीलाई सही नेतृत्व दिने कार्यहरू गरेको | ५ | | | |
| ६ | शिक्षणमा नयाँ प्रविधि र कौशलको खोजी विकास र आदानप्रदानमा गरी कक्षा शिक्षण गरेको (शैक्षणिक योजनाको रणनीति) | १० | | | |
| ७ | विद्यार्थी मूल्याङ्कनका आधार एवम् मापदण्डको जानकारी र प्रयोगमा दक्षता र अभ्यास ( मूल्याङ्कन रिपोर्ट) | १५ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | समुदाय, विद्यालय प्रशासन, समकक्षी शिक्षक, विद्यार्थी र अन्य निकायसँगको अन्तर सम्बन्ध | ५ | | | |
| ९ | व्यक्तिगत र विद्यालयको अभिलेख प्रणालीमा चुस्त दुरूस्त राखेको | ५ | | | |
| १० | पेशागत आचरणको पालना गरेको र नगरेको भन्ने आधार नभएको | १० | | | |
| ११ | नियमित कार्यमूलक अनुसन्धान, प्रतिवेदन र कार्यान्वयन अभिलेख गरेको | ५ | | | |
| | जम्मा | १०० | | | |

**क) पेश गर्ने:** शिक्षक/कर्मचारी वा प्र.अ. ले पेश गरेका आधार ठीक छ भनी हस्ताक्षर गर्ने शिक्षक कर्मचारी वा प्रअ आफै.........

**ख) प्रमाणित गर्ने:** शिक्षक/कर्मचारी वा प्र.अ. ले पेश गरेका आधार ठीक छ भनी प्रमाणित गर्ने शिक्षकको भए प्र.अ. र प्र.अ.को भए विव्यस अध्यक्षको हस्ताक्षर .........

**नोट:** दावी, प्रमाणित र मूल्याङ्कन गर्ने पदाधिकारीले आवश्यक प्रमाण राखेर मात्र गर्नुपर्नेछ। आधार समावेश नगरी पेश भएका र आधारहरूको अभिलेख मूल्याङ्कन गर्दा ७० अङ्क भन्दा कम प्राप्त गर्नेको निवेदन छनोट सूचीमा समावेश गर्न सकिने छैन।

## अनुसूची —४
## दफा ९ (३) सँग सम्बन्धित
# कार्यक्रम सम्झौताको ढाँचा

लेटाङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय (पहिलो पक्ष) र श्री ................................ विद्यालय (दोस्रो पक्ष) बिच मिति ............................ मा नमूना विद्यालय विकास/ कार्य सम्पादन कार्यक्रमको संझौता

### सम्झौता पत्र

१. **उद्देश्यः** यस खण्डमा नमूना विद्यालय विकास गर्न/ उत्कृष्टताको आधारमा प्राप्त अनुदानको व्यवस्था, उपयोग र शैक्षिक गुणस्तर सुधार गर्नका लागि राखिने उद्देश्यहरूः

२. **प्रथम पक्षले पालना गर्नुपर्ने सर्तहरुः** यस खण्डमा निम्नानुसार सर्तहरू राख्नेः

क) नगरपालिकाले आ.व. ................ को यस नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएको नमूना विद्यालय विकास/ ......... कार्यक्रमको लागि प्राप्त भएको रुपैया ..................... दोस्रो पक्षको बैंक खातामा शीर्षकअनुसार निकासा गर्नेछ।

ख) प्रथम पक्षले यस कार्यक्रमको विषयमा दोस्रो पक्षलाई आवश्यक जानकारी, सुझाव तथा निर्देशन दिन सक्नेछ।

ग) प्रथम पक्षले कार्यक्रमको अनुगमन मूल्याङ्कन गरी कमजोरी देखिएमा सुधारका लागि निश्चित समय तोकी पुनःकार्य गर्न लगाउने।

घ) दोस्रो पक्षले सम्झौता बमोजिमकोकार्य नगरेको देखिएमा प्रथम पक्षले जनुसुकैबेला सम्झौता रद्ध गर्न सक्नेछ।

ङ) तोकिएको समयमा कार्य सम्पन्न नभएमा दोस्रो पक्षलाई कार्य सम्पादन समयमा नै गराउन आवश्यक प्राविधिक सहयोगको व्यवस्था गर्ने।

च) ...............................

**छ) दोस्रो पक्षले पालना गर्नुपर्ने सर्तहरुः यस खण्डमा निम्नानुसार सर्तहरू राख्नेः**

क) समयमै कार्य प्रारम्भ गरी सोको जानकारी पहिलो पक्षलाई दिनु पर्नेछ।

ख) विद्यालयलाई नमूना विद्यालयको रूपमा विकास गर्न विद्यालयले गर्नुपर्ने कामको योजना तयार गरी प्रथम पक्षलाई पेश गर्ने।

ग) शिक्षक कर्मचारीसँग आवश्यक करार गरी कार्यसम्पादन सुधार गर्ने।

घ) अनुदानको मितव्ययी, कार्यदक्षतापूर्ण, पारदर्शी र कानून सम्मत प्रयोगको व्यवस्था गर्ने।

ङ) कार्यक्रम सञ्चालन गर्दा प्रचलित आर्थिक ऐन तथा सार्वजनिक खरिद ऐन नियमावली अनुसार गर्ने व्यवस्था गर्नु पर्नेछ।

च) प्रथम पक्षले दिएको सुझाव तथा निर्देशनलाई कार्यक्रम सञ्चालन गर्दा पालना गर्नु पर्नेछ।

छ) प्रथम पक्षलाई दोस्रो पक्षले जिन्सी दाखिला सहित प्रगति प्रतिवेदन नियमिति बुझाउनु पर्नेछ।

ज) ................

**ज) अनुगमन मूल्याङ्कनः** यस खण्डमा नमूना विद्यालय विकासका लागि अनुगमन सम्वन्धी व्यवस्थाहरू उल्लेख गर्ने।

**झ) सम्झौँतामा हस्ताक्षर गर्ने पदाधिकारीः**

प्रथम पक्षको तर्फबाट

नामः दस्तखतः

पदः मितिः

कार्यालयको छापः

दोस्रो पक्षको तर्फबाट

नामः दस्तखतः मितिः

पदः

विद्यालयको छापः

रोहवरमा

नामः दस्तखत कार्यालयको छाप

पदः

नामः दस्तखत कार्यालयको छाप

पदः